(घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संस्थासँग दान दातव्यको रूपमा कुनै किमिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्ने छ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ङ) नेपाल सरकारको वा गाउँ पालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको गाउँ पालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**३१. विद्यालयलाई छुट र सुविधाः-**

(क) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतपनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(ख) उपदफा (क) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारको गाउँ पालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(ग) सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा संचालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**३२. अनुमति वा स्वीकृति र रद्द गर्नेः-**

(क) कुनै संस्थगत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वंचित गरिने छैन्।

(ख) यस गाउँपालिका अर्न्तगत कुनै पनि ठाउँमा महिला विद्यालय खोल्न अध्यक्ष र उपाध्यक्ष को अनुमतिले दिन सकिनेछ।

**३३. विद्यालयको वर्गीकरणः-**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३४ क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गरिनेछ ।**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुननदिने गरी विद्यालय लाई सुरक्षित क्षेत्र कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन्।

**३५. शुल्कसम्बन्धी व्यवस्थाः-**

(क) नेपाल सरकारले निःशुल्क शिक्षा घोषण गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार वा सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ ।

(ग) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँ पालिकाले आवश्यक स्रोतको व्यवस्था तोकिए बमोजिम गर्नेछ ।

(घ) उपदफा (क) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(ङ) संस्थागत तथा समुदायिक विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन्।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष